# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख १ गते २०३२ साल

श्री ५ को सरकार

### जल तथा विद्युत् मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले घोराही खाने पानी आयोजनाको लागि राप्ती अंचल, दाङ देउखुरी जिल्ला, दाङ सेवार गाउँ पञ्चायत अन्तर्गत निम्न वडा नंबरमा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुंदा यो सूचना प्रकाशित गरिएको छ।

वडा नं. २ (ख) को पूर्व–पश्चिम कृष्णकुमारीको जग्गा, उत्तर-दक्षिण झुनलालको जग्गा यति ४ किल्लाभित्रको कित्ता नं. ११४ को ०–१–१८ (एक कट्ठा अठार धुर) को मालपोत रू. ४।१८ (चार रूपैयाँ अठार पैसा) लागेको कित्ता।

आज्ञाले–

अच्यूतबहादुर राजभण्डारी

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८०

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।